बैठक संख्याः ३७
मितिः २०८१/०४/३१
समयः दिउँसो १:०० बजे
स्थानः नगर कार्यपालिकाको कार्यालय, रेडक्रसग्राम, चितवन ।

आज मिति २०८१/०४/३१ गते यस कालिका नगरपालिकाका नगर प्रमुख श्री विनोद रेग्मीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिकाका सदस्यज्युहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरुमाथि छलफल गरी निम्नानुसारको निर्णयहरु गरियो ।

| क्र.सं. | पद/दर्जा | उपस्थित पदाधिकारीको नामथर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | श्री विनोद रेग्मी | |
| २ | नगर उपप्रमुख | श्री विमला तमाङ | |
| ३ | वडा अध्यक्ष | श्री सन्तविर स्याङदान | |
| ४ | वडा अध्यक्ष | श्री लक्ष्मण पौडेल | |
| ५ | वडा अध्यक्ष | श्री विरेन्द्र तमाङ | |
| ६ | वडा अध्यक्ष | श्री मकरमान श्रेष्ठ | |
| ७ | वडा अध्यक्ष | श्री दिपक बहादुर भट्टराई | |
| ८ | वडा अध्यक्ष | श्री टिकाराम रेग्मी | |
| ९ | वडा अध्यक्ष | श्री कमल राज मुक्तान | |
| १० | वडा अध्यक्ष | श्री चित्र बहादुर मगर | |
| ११ | वडा अध्यक्ष | श्री निलकण्ठ मगर | |
| १२ | वडा अध्यक्ष | श्री नरजंग प्रजा | |
| १३ | वडा अध्यक्ष | श्री कृष्ण बहादुर प्रजा | |
| १४ | नगर कार्यपालिका सदस्य | श्री सरस्वती खत्री | |
| १५ | नगर कार्यपालिका सदस्य | श्री शान्ती महतो | |
| १६ | नगर कार्यपालिका सदस्य | श्री फारम कुमारी ढकाल | |
| १७ | नगर कार्यपालिका सदस्य | श्री सम्झना परियार | |
| १८ | नगर कार्यपालिका सदस्य | श्री भुप कुमारी रानामगर | |
| १९ | नगर कार्यपालिका सदस्य | श्री दिपक सिंह परियार | |
| २० | नगर कार्यपालिका सदस्य | श्री ज्योति सुनार | |
| २१ | नगर कार्यपालिका सदस्य | श्री धन माया प्रजा | |
| २२ | सचिव | श्री चूडामणि शर्मा गौतम | |

CamScanner

# रेडक्रसग्राम, चितवन
## नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम, चितवन

**कार्यपालिका बैठकको निर्णय**

बैठक संख्याः ३७

बैठक मितिः २०८१/०४/३१

| प्रस्ताव नं | प्रस्ताव गर्ने शाखा | प्रस्ताव | निर्णय | कैफियत |
|---|---|---|---|---|
| १. | पूर्वाधार/योजना | आ.व. २०८१/८२ को नगर दररेट सम्बन्धमा । | नगर दररेट तयारी समितिबाट पेश भएको आ.व. २०८१/८२ को लागि प्रस्तावित नगर दररेट स्वीकृत गर्ने । | |
| २. | कृषि तथा पशु सेवा शाखा | एक वडा एक उत्पादन कार्यक्रम सम्बन्धमा । | बागमती प्रदेश, कृषि विकास निर्देशनालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, हेटौंडाको मिति २०८१/०४/१५ को सूचना बमोजिम समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रमको लागि निम्नानुसारका वडाहरु छनोट तथा सिफारिस गर्ने । समुदायमा आधारित एक वडा एक कृषि उत्पादन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० को दफा ११ को उपदफा (१) बमोजिम लागत रकमको २०% (बीस प्रतिशत) हुन आउने रकम नगरपालिकाबाट साझेदारी गर्ने ।<br>क्र.सं. / शीर्षक / वडा<br>१. कृषि बाली वस्तु उत्पादन — वडा नं १<br>२. पशुपन्छी तथा मत्स्यजन्य उत्पादन — वडा नं ६ | |
| ३. | भवन तथा बस्ती विकास शाखा | घर अभिलेखीकरणको राजस्व फिर्ता सम्बन्धमा । | कालिका नपा, वडा नं ५ साविक पदमपुर ६ , कि. न. ६१४ र ६१५को क्रमश: ०-०-१० र ०-३-० क्षेत्रफल जग्गामा जग्गा धनी क्रमश: श्री अनिता चौधरी र डेबिट चौधरीले यस नगरपालिकामा घर नक्सा तयार गरि घर नक्सा अभिलेखीकरणको लागि पेश भएकोमा, उक्त घर पर्ने जग्गा २ वटा कित्ता फरक फरक व्यक्तिको नाममा रहेकोले उक्त व्यक्तिहरुको नाता एकाघर परिवार नखुलेको कारणले उक्त घर उक्त कित्ताहरुमा घर अभिलेखीकरण नहुने भएकाले मिति २०६१/०३/२४ गते रु.६४९११।०५ (र. न. ५७३१) घर अभिलेखीकरणको राजस्व रकम कालिका नगरपालिकामा दाखिला भएकोले उक्त रकम फिर्ता गर्ने । | |
| ४. | भवन तथा बस्ती विकास शाखा | घर/भवन अभिलेखीकरण सम्बन्धमा । | कालिका नगरपालिका नगर कार्यपालिकाको मिति २०८० साल श्रावण २४ गतेको निर्णय बमोजिम मिति २०८० साल भाद्र १३ गते घर अभिलेखीकरणको लागि सूचना जारी भई २०८१ असार मसान्त सम्म राजस्व तिरी घर अभिलेखीकरण गर्ने व्यवस्था अनुसार वडाबाट सर्जिमन मुचुल्का, कबुलियतनामा, निर्णय र सिफारिस प्राप्त भएको घरहरुको नियम अनुसार राजस्व लिई छुट भएका घर अभिलेखीकरण गर्ने | |
| ५. | भवन तथा बस्ती विकास शाखा | नियमित घर/भवन निर्माणको म्याद थप सम्बन्धमा । | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम कालिका नगरपालिकाको नगर कार्यपालिकाले मिति २०८० साल असार २८ गते जारी भवन निर्माण तथा नक्सा पास निर्देशिका २०८० को दफा ३४ को उपदफा (२) बमोजिमको अबधिमा पनि भवन निर्माण सम्पन्न नगरेमा पुन: नयाँ वा नियमित प्रक्रियाबाट भवन निर्माण सम्पन्न गर्नुपर्ने सम्बन्धमा ४ बर्ष पछि आएका भवनहरुमा प्रत्येक २ आ. व. को दरले थप गरी म्याद थप गर्ने व्यवस्था गरी कार्य गर्ने । | |
| ६. | भवन तथा बस्ती विकास शाखा | मापदण्ड नपुगेको घर/भवन अभिलेखीकरण सम्बन्धमा। | भवन तथा बस्ती विकास शाखाबाट पेश भए बमोजिम कालिका नगरपालिका भवन निर्माण तथा नक्सा पास निर्देशिका, २०८० को परिच्छेद-९ को दफा ४७ (ख) पूर्व निर्मित भवनको अभिलेख सम्बन्धी व्यवस्था अनुसार मापदण्ड नपुगेको घर तथा भवन अभिलेखीकरणको लागि आवश्यक प्रक्रिया पुरा गरी पेश भएका संलग्न सूची बमोजिमका घर/भवनहरुको अभिलेखीकरण गरी अभिलेखीकरण प्रमाणपत्र प्रदान गर्ने । | सूची संलग्न |
| ७. | वन, वातावरण तथा विपद् व्यवस्थापन शाखा | नगर विपद् व्यवस्थापन समितिको निर्णय अनुमोदन सम्बन्धमा । | नगर विपद् व्यवस्थापन समितिको मिति २०८१/०४/११ को बैठकको निर्णय अनुमोदन गर्ने । | निर्णय संलग्न |
| ८. | शिक्षा शाखा | नगर स्वयंसेवक शिक्षकहरुको म्याद थप सम्बन्धमा । | नगर शिक्षा समितिको मिति २०८१/०४/०९ को निर्णयानुसार पेश भए बमोजिम नगर स्वयंसेवक शिक्षकहरुको करार म्याद २०८१ पुस मसान्तसम्म थप गर्ने । | |

विनोद रेग्मी
नगर प्रमुख

CamScanner

| प्रस्ताव नं | प्रस्ताव गर्ने शाखा | प्रस्ताव | निर्णय | कैफियत |
|---|---|---|---|---|
| १ | भवन तथा बस्ती विकास शाखा | घर/भवन अभिलेखीकरण छुट भएकाहरुको लागि समय थप गर्ने सम्बन्धमा । | कालिका नगरपालिका नगर कार्यपालिकाको मिति २०८० साल श्रावण २४ गतेको निर्णय बमोजिम मिति २०८० साल भाद्र १३ गते घर अभिलेखीकरण/नियमितको लागि सूचना जारी भई घर/भवन अभिलेखीकरण/नियमितको कार्य अघि बढाइएकोमा तोकिएको २०८१ असार मसान्त सम्ममा अभिलेखीकरण/नियमित कार्यमा छुट भएका घर/भवनहरुको अभिलेखीकरण/नियमित गर्ने कार्यका लागि २०८१ पुष मसान्तसम्म समय/म्याद थप गरी घर/भवन अभिलेखीकरण/नियमित कार्य गर्ने । | |

चूडामणि शर्मा गौतम
प्रमुख प्रशासकीय अधिकृत